**Patan Pragya** *(Volume: 11, Number: 2, 2022)* *ISSN 2594-3278*

Received Date: Oct. 2022 Revised: Nov.2022 Accepted: Dec. 2022

*Doi-https://doi.org/10.3126/pragya.v11i02.52173*

# इन्दिरा प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासमा अस्तित्ववादी नारीवाद

**डा. अम्बिका अर्याल***

**शोधसार**

*उसको लोग्ने र बिरालो (२०६०) इन्दिरा प्रसाईको चौथो उपन्यास हो । यस उपन्यासमा नारीपात्रलाई केन्द्रीय भूमिका प्रदान गरी नारीअस्तित्व र पहिचानको स्वर मुखरित गरिएको उपन्यास हो । यसमा मानवेतर पात्र बिरालोलाई भन्दा कम महत्त्व दिने पितृसत्तात्मक सोचग्रस्त पुरुषको नारीमूल्यप्रतिको उपहास र त्यसबाट नारीमा जागृत वितृष्णा, आक्रोश एवम् नारीपहिचानप्रतिको सचेतनालाई प्रस्तुत गरिएको छ । यसमा जैविक आधारमा भिन्न हुँदैमा पुरुषका तुलनामा नारीहरूलाई तल्लो दर्जाका नागरिकका रूपमा गरिने विभेदको विरोध गरिएको छ । धर्म, संस्कृति र समाजले निर्माण गरेको प्रचलन तथा मान्यताका आधारमा नारीहरू विभेदमा परेको सन्दभप्रति असन्तुष्टि व्यक्त गर्दै नारीले आफ्नो अस्तित्वको लडाईँमा आफैँ सक्रिय रूपले उत्रनुपर्ने विचार पनि प्रस्तुत गरिएको छ । दोस्रो दर्जाका नागरिकका रूपमा नारीमाथि गरिने विभेद, दमन एवम् शोषणको विरोध गरी स्वतन्त्र पहिचान र अस्तित्वको खोजी गरिएको यस उपन्यासमा यौनशोषण, बलात्कार, दुव्र्यवहार र नारीहिंसाको विरोध गरिएको छ । यसर्थ यस उपन्यासमा लैङ्गिक विभेदको विरोध, धार्मिक एवम् सांस्कृतिक विभेदको विरोध, नारीअस्तित्वको खोजी, वैयक्तिक अधिकारको माग, पितृसत्तात्मक शोषण तथा नारीहिंसाको विरोधप्रतिको चेतना प्रस्तुत भएको छ । यी चेतनाका प्रस्तुतिले यस उपन्यासलाई अस्तित्ववादी नारीवादी उपन्यास बनाएको निष्कर्ष यस अध्ययनले निकालेको छ ।*

**शब्दकुञ्जिका** : अस्तित्व, नारीवाद, पितृसत्ता, लैङ्गिकता, वैयक्तिकता ।

## विषयपरिचय

साहित्यका विभिन्न विधामा कलम चलाउने इन्दिरा प्रसाईका हालसम्म विश्वामित्र (२०५५), रनमाया (२०५८), शिखा (२०५९), उसको लोग्ने र बिरालो (२०६०) गरी चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासका बारेमा विभिन्न किसिमका अध्ययन भएको पाइए पनि अस्तित्ववादी नारीवादी चेतनाका दृष्टिबाट हालसम्म कुनै अध्ययन भएको पाईंदैन । उनको यस उपन्यासमा नारीलाई दोस्रोदर्जाका नागरिकसरह गरिने व्यवहार र मानवेतर प्राणीभन्दा पनि कम महत्त्व दिने पितृसत्तात्मक प्रवृत्तिको प्रतीकात्मक ढङ्गले विरोध गरिएको छ । यसमा नारीको अस्तित्व र पहिचानका लागि सचेत नारीपात्रको केन्द्रीय भूमिका रहेको छ । नारीमाथि गरिने विभिन्न किसिमका विभेद तथा नारीहरूको अस्तित्वको खोजीसम्बन्धी चेतना प्रस्तुत गरिएको हुनाले नारीवादी चेतनाका कोणबाट अध्ययन गरिनु उपयुक्त देखिन्छ । तसर्थ यस उपन्यासमा नारीवादका विविध प्रकारमध्ये अस्तित्ववादी नारीवादी प्रवृत्ति केकस्तो रहेका छ भन्ने प्राज्ञिक जिज्ञासाको निरूपण गर्ने ध्येय राखिएको छ । यसका लागि अस्तित्ववादी नारीवादी सिमोन द बुभाले अघि सारेको सैद्धान्तिक अवधारणालाई सङ्क्षिप्त रूपमा सम्बन्धित शीर्षकभित्रै उल्लेख गर्दै त्यसै आधारमा प्रसाइको उसको लोग्ने र बिरालो उपन्यासको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

* *उपप्राध्यापक, डा. अम्बिका अर्याल पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभागमा कार्यरत हुनुहुन्छ ।*

**सामग्री सङ्कलन र विश्लेषणविधि**

उसको लोग्ने र बिरालो उपन्यासमा अस्तित्ववादी नारीवादी चेतनाको अध्ययनसँग सम्बन्धित प्रस्तुत लेखमा पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिएको ा प्रायोगिक कार्यका लागि आवश्यक सामग्रीको सङ्कलन पनि विश्लेष्य उपन्यासको पठनबाट गरिएको छ । यसक्रममा प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । यसका साथै नारीअस्तित्व र विभेदसम्बन्धी सिमोन द बुभायरको नारीवादी मान्यता तथा प्रसाईका उपन्यासहरूका सन्दर्भमा गरिएका विभिन्न अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । अस्तित्ववादी नारीवादी चेतनाका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गरिने भएकाले यो अध्ययन अन्तर्विषयक बनेको छ । अस्तित्ववादी नारीवादी सिद्धान्तनिष्ठ भएर उसको लोग्ने र बिरालो उपन्यासको विश्लेषण गरिएको हुनाले यसमा निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

**अस्तित्ववादी नारीवादको सैद्धान्तिक परिचय**

बिसौँ शताब्दीमा पाश्चात्य साहित्यमा विकसित नारीवाद नारीको हकहितका रक्षा गर्ने बौद्धिक क्रान्ति हो । यसलाई सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, साहित्यिक आदि क्षेत्रमा नारीका पक्षमा भएका विभेदविरुद्धको सचेतनाका रूपमा लिने गरिन्छ । नारीवाद नारीमुक्ति आन्दोलनका रूपमा पाश्चात्य जगतमा देखापरेको राजनीतिक विद्रोहबाट विकसित भएको हो । यसको प्रवेश सिर्जना र समालोचनाको क्षेत्रमा सन् १९७० को दशकमा भएको मानिन्छ र यो विभिन्न धार तथा प्रकारहरूमा विभाजित भएको देखिन्छ । नारीवादका विविध धार तथा प्रकारहरूमध्ये अस्तित्ववादी नारीवादले नारीलाई दोस्रो दर्जाका नागरिकका रूपमा गरिने विभेदपूर्ण व्यवहारको विरोध गरी नारीको स्वतन्त्र अस्तित्व एवम् पहिचानको माग गर्दछ । यसको विकासमा सिमोन द बुभाको उल्लेखनीय भूमिका रहेको छ । विशेषगरी उनको द सेकेन्ड सेक्स अर्थात् महिला शीर्षकको पुस्तकलाई अस्तित्ववादी नारीवादको दस्तावेजका रूपमा लिने गरिन्छ ।

अस्तित्ववादी नारीवादी बुभाले नारीका अधिकारप्रति सचेत बनेर नारीअस्तित्व रक्षाको माग गरेकी छन् । उनले जैविक आधारमा फरक हुँदैमा नारीमाथि कुनै पनि प्रकारको विभेद र दमन गर्न नहुने तर्क प्रस्तुत गरेकी छन् । बुभाले नारीको शरीरले उसलाई जगतमा स्थितिग्रस्त बनाउँछ तर केवल शरीर मात्र उसलाई परिभाषित गर्नका लागि पर्याप्त छैन भन्ने विचार प्रस्तुत गरेकी छन् । उनले जीवविज्ञानले महिलाको सम्बन्धमा उठाइएका प्रश्नहरूको सम्पूर्ण उत्तर दिन नसकेको भन्दै महिला 'अन्या' किन हो ? भन्ने प्रश्न उठाएकी छन् (बुभा, साल ?, १८) । बुभाले नारीलाई अन्या मानेर विभेद गर्ने प्रवृत्तिको विरोध गरी उनीहरूलाई शरीरका आधारमा परिभाषित गरेर फरक व्यवहार गरिने परिपाटीमाथि प्रश्न खडा गरेकी छन् ।

बुभाको अस्तित्ववादी नारीवादले मिथ, प्रकृति र इतिहासका सापेक्षमा नारीको अस्तित्वलाई हेर्दछ । नारीले आफैँले आफैँलाई अन्याका रूपमा हेर्ने वा नहेर्ने भन्ने कुराको नारीकै निर्णयले नारीपक्षधरता र स्वतन्त्रताको प्राप्तिलाई बैध तुल्याउँछ । तसर्थ अन्याका रूपमा हेरिने परिपाटीको विरोधले मात्र नारीको अस्तित्वप्राप्तितर्फ नारीलाई अग्रसर गराउँछ (रोमावती, सन् २०२१, पृ १७) । बुभाले अन्याका रूपमा नारीलाई हेर्ने पितृसत्तात्मक दृष्टिकोणको विरोध गरेकी छन् ।

अस्तित्ववादी नारीवादले नारी पुरुषजस्तै सक्षम प्राणी भएको दाबी गर्दछ । यसले नारी कमजोर प्राणी नभएर समाजमा समान स्थान पाउन सक्ने क्षमता भएकी प्राणी मान्दै नारीको स्थान वा भूमिका भत्काउन पितृसत्ताले निर्माण गरेको विनाशकारक पदसोपानको विरोध एवम् नारीको पहिचानप्रतिको नारीचेतनामा जोड दिन्छ (युसुफ, सन् २०२०, पृ. १) । बुभाले सामाजिक रूपले एक पुरुष नितान्त स्वतन्त्र र पूर्ण व्यक्ति हुने, उसको अस्तित्व उसकै कार्यहरूद्वारा निर्धारित हुने तर नारी प्रजनन तथा गृहस्थीका परिसीमित भूमिकाका कारण पुरुषसँग समानताको स्तरमा पुग्न नसकेको दाबी गरेकी छन् (बुभा,

साल ?, पृ. १८८) । उनले नारी र पुरुषको असमान अस्तित्व र पहिचानका कारकको खोजी गरी नारीपहिचानका क्षेत्रमा नारीमा जागृत चेतनालाई प्रस्तुत गरेकी छन् ।

बुभाले समाजनिर्मित धारणा र विभेदको जालोभित्र जेलिएकी एक नारीले स्वतन्त्र अस्तित्व र पहिचान स्थापित गर्न निकै जटिल परिस्थितिको सामना गर्नुपर्ने विचार पनि राखेकी छन् । उनका विचारमा नारी कुनै पनि स्वतन्त्र अस्तित्वलाई स्थापित गर्नमा असमर्थ छे, जसले स्वयम् संसारमा जन्म लिएर आफ्नो अस्तित्वको औचित्य सिद्ध गर्नुपर्दछ (पृ. २३७) । नारीले आफ्नो पहिचान आफैँ बनाएर आफू जन्मनु र एक स्वतन्त्र मानव प्राणी हुनुको औचित्य आफैँले सिद्ध गर्नुपर्ने बाध्यता रहेको विचार बुभाको छ । उनी भन्छिन् : "जसरी मानिसहरूले आफना फर्निचर र डिब्बाहरूमा बन्द भोजन सुरक्षित राख्छन् त्यसैगरी उनीहरूले आफ्नो शरीरलाई सुरक्षित राख्ने चेष्टा गर्छन् । यो लगातारको सजगताले उनीहरूको जीवनलाई उनीहरूकै शत्रु बनाइदिन्छ" (पृ. २५९) । यसमा उनले नारीबन्धन र चौघेराले मुक्तिको मार्गतिर भन्दा विपरीत दिशामा खुम्च्याउने तथ्यलाई प्रस्ट पारेकी छन् । बुभाका विचारमा स्त्री पनि संरक्षिका हुन सक्दछे । अब उसलाई घरमा सीमित राख्नु र बाहिर काम गर्न नदिनु उसलाई उसको मुक्तिबाट वञ्चित गर्नु हो (पृ. ३८५) । यसर्थ चुलो र चौकाको चारघेराभित्र सीमित गरेर मुक्तिको मार्गबाट वञ्चित गरिनु नारीको स्वतन्त्र पहिचान र अस्तित्वमाथि कुठाराघात गर्नु हो ।

बुभाले पुरुषका लागि नारी मन बहलाउने साधन मात्र हुनु सत्य भएको दाबी गरेकी छन् । यसलाई उनले एक सुखद सम्पर्क र एक गौण अनावश्यक वरदान भन्दै नारीका लागि पुरुषको जीवनको अर्थ उसको अस्तित्वको औचित्य भएको बताएकी छन् । तर यस सन्दर्भमा विनिमय मूल्य समान नहुने उनको विचार छ (पृ. ३८६) । धर्तीमा सृष्टिका लागि समान भूमिका लिएर जन्मेका प्राणी मानवबिचको पहिचानमा देखिएको असमानताप्रति चोटिलो प्रहार गर्दै नारीलाई अस्तित्वहीन तर उपभोग्य वस्तुका रूपमा उपभोग गर्ने परिपाटीको समेत विरोध गरेकी छन् । उनको यो अवधारणा पितृसत्तात्मक समाजमा नारीको उपभोग्य वस्तुका रूपमा परिचित पहिचानप्रतिको आक्रोश र नारीको स्वतन्त्र पहिचानप्रतिको सचेतनाको द्योतक हो ।

बुभाका विचारमा नारीहरूलाई विना सुझबुझ पतिका समर्थक वा विरोधी मध्ये एक बन्नैपर्ने बाध्यात्मक परिस्थिति सिर्जना गरिनु गलत छ । नारीले पुरुषहरू सही हुन् वा गलत भनी आफैँ स्वतन्त्र निर्णय गर्न सक्ने खुबी राख्ने उनको तर्क छ । उनी भन्छिन् :

> स्त्रीहरूमाथि ती सिद्धान्तहरू र मूल्यहरू थोपर्नु अनुचित छ, जसलाई उनीहरूले आफ्ना प्रयासहरू र अनुभवहरूद्वारा बुझ्न नसकून् । उनीहरू पतिका विचारहरूसँग सहमत पनि हुन सक्दछन्, असहमत पनि । आफ्नो स्वतन्त्र चिन्तनद्वारा पत्नीले पतिका विचारहरूको न त अन्धविरोध गर्नु आवश्यक छ र न अन्ध समर्थन । आफ्नो अस्तित्वलाई कायम राख्ने कारणहरूलाई स्त्रीले अरूबाट सापट लिन सक्दिन । (पृ. २२१)

बुभाको यस कथनले नारीले आफ्नो अस्तित्वको जगेर्नाका लागि आफैँ जिम्मेवार भएर निर्णय लिन सक्नुपर्ने अभिप्राय राख्दछ । तर पितृसत्तात्मक समाजमा नारीले आफ्ना भविष्यका लागि आफ्ना इच्छाहरू र सुविधाहरूको बलिदान गर्नुपर्ने तर्क उनको छ (पृ. २४६) । नारीको वैयक्तिक स्वतन्त्रताको वकालत गरिरहे पनि आफ्ना इच्छा मारेर, सुविधाको बलिदान गरेर नारीले स्वतन्त्रता नपाएको तर्कले यसप्रतिको नारीजागरणलाई नै द्योतन गरेको छ ।

बुभाले पितृसत्तात्मक समाजमा नारीको दयनीय स्थितिको चित्रण गरेकी छन् । नारीको स्थिति पराजित हुँदा गोलीले उडाइने र विजय हुँदा पुरस्कारहरूले अलङ्कृत गरिने गुप्त एजेन्टहरूको जस्तो हुन्छ तर पुरुषको अनैतिकतालाई पनि नारीले नै सम्हाल्नुपर्दछ (पृ. ३१७) । उनले एकातिर नारीले गुप्त एजेन्टले जस्तो त्राहीत्राही जीवन बिताउनु परिरहेको भए पनि अर्कातिर पुरुषका अनैतिक कार्यलाई समेत उनैले ढाकछोप गरिदिनुपर्ने दयनीय अवस्थाको चित्रण गरेकी छन् । तर नारीले आफ्नो वैयक्तिक स्वतन्त्रताको प्रदर्शनका लागि विद्रोह नै गर्नुपर्ने उनको तर्क छ (पृ. ३२६) । यसरी पुरुषका हितका लागि दोहोरो भूमिकामा उभिन बाध्य भएकी नारीले अनेक सङ्घर्ष र विद्रोह नगरी स्वतन्त्रता नपाउने विचारलाई बुभाले प्रस्तुत गरेकी छन् ।

बुभाले मातृत्व, गर्भपतन तथा विवाहइतर नै सन्तान जन्माउन पाउनुपर्ने नारीको अधिकारका पक्षमा यस किसिमको विचार प्रस्तुत गरेकी छन् :

समाजले स्त्रीलाई ऐच्छिक मातृत्वको हक देओस्, ताकि गर्भनिरोध एवम् गर्भपतनलाई वैध बनाउन सकियोस् तथा विवाहइतर सन्तान नाजायज नमानिऊन् । उनीहरूको समान अधिकार होस्, ताकि बच्चाहरूको भार राज्यले सम्हालोस्, ती बच्चाहरूलाई आमाको काखबाट वञ्चित नगरीकन । (पृ. ३८९)

बुभाको यस कथनमा मातृत्व ऐच्छिक हुनुपर्ने, गर्भनिरोध तथा गर्भपतनलाई वैध बनाइनुपर्ने, विवाहइतर जन्मिएका सन्तान जायज मानिनुपर्ने धारणा अभिव्यक्त भएको छ । यस्तै आमाको काखबाट वञ्चित नगरी बच्चालाई पालनपोषण गर्ने, शिक्षादीक्षा दिने जस्ता भार राज्यले सम्हाल्नुपर्ने पनि उनको विचार छ । यसरी अस्तित्ववादी नारीवादले यौन, प्रजनन तथा गर्भपतनका साथसाथै सन्तानको पालनपोषण र स्वेच्छिक मातृत्वका सम्बन्धमा नारीको स्वतन्त्र निर्णयको माग गर्दछ ।

अस्तित्ववादी नारीवादी बुभाका विचारमा नारीलाई पितृसत्ताले व्यक्तिगत सम्पत्ति ठानी आधिपत्य कायम गर्दछ । उनले पुरुषले आफ्नी पत्नीलाई आफ्नो व्यक्तिगत सम्पत्ति मान्ने मात्रै होइन कि नीजि सम्पत्तिलाई अर्काको आधिपत्यमा नरहोस् भन्ने समेत चाहने धारणा राखेकी छन् (पृ.६७) । नारीलाई वस्तुका रूपमा हेर्ने र सदा आफ्नै काबुमा राख्न चाहने पितृसत्तात्मक सोच पुरुषमा रहन्छ । उनले पुरुषका नजरमा नारीका अलगअलग दमनात्मक रूपहरू भएको तर्क यसरी प्रस्तुत गरेकी छन् : "नारी पुरुषको लागि खेल हो, साहसिक कार्य हो, तर ऊ एक परीक्षा पनि हो । ऊ विजयको उल्लास हो । साथसाथै निराशाको कटुता पनि । ऊ नाशको थुप्रो हो, सत्यानाश र मृत्युप्रति आकर्षणको रूप पनि । सम्पूर्ण महत्त्वपूर्ण जगत मानौँ नारीमा निहित छ" (पृ.९७) । उनको यस कथनमा नारीलाई कहिले ऊर्जाका रूपमा त कहिले पतनका रूपमा परिभाषित गर्ने पितृसत्ताको द्वैध चरित्रलाई प्रस्तुत गरिएको छ । एकातिर नारीलाई खेल, साहसिक कार्य, परीक्षा तथा विजयको उल्लासका रूपमा हेर्ने पितृसत्ताले अर्कातिर निराशाको कटुता, नाशको थुप्रो, सत्यनाश, मृत्युको आकर्षणका रूपमा समेत मान्ने गरेको छ । यस किसिमको पितृसत्तात्मक अवधारणा पुरुषका मनोमानीमा निर्माण भएको र सापेक्षित रहेको प्रस्ट हुन्छ ।

अस्तित्ववादी नारीवादका अनुसार पितृसत्ता हरेक क्षेत्रमा पुरुषको श्रेष्ठताको वकालत गर्ने सामाजिक व्यवस्था हो । यसले पुरुषसत्ताको गरिमा र सर्वोपरिताको पक्षमा ध्यान दिन्छ । यस सम्बन्धमा बुभा भन्छिन् : "वास्तवमा पुरुष यो संसारको सत्य हो, सर्वोच्च सत्ता हो । उ चमत्कारपूर्ण हो, स्वामी हो, दृष्टि हो, सिकारी हो, आनन्द हो, कर्मठता हो, मोक्ष हो र उसमा सृष्टिको सर्वोपरिता मूर्त भएको छ । पुरुष नै यस दुनियाँको प्रत्येक प्रश्नको उत्तर हो" (पृ. २६८) । बुभाको यस कथनमा पितृसत्ताले पुरुषलाई संसारकै सत्य र सर्वोच्च सत्ताका रूपमा हेर्ने गरेको दृष्टिकोण राखेकी छन् । यस्तै पुरुषलाई चमत्कारपूर्ण, स्वामी, दृष्टि, सिकारी, आनन्द, कर्मठ, तथा मोक्ष जस्ता विशेषणका आभूषण पहि¥याउने पितृसत्ताले संसारका हरेक प्रश्नको उत्तरका रूपमा समेत पुरुषलाई लिने गरेको आरोप बुभाको छ । यसरी पितृसत्ताले पुरुषकै सत्ता र सामथ्र्यको गुणगान गाउने मात्र नभएर संसारकै सर्वज्ञका रूपमा लिने गरेको सम्बन्धमा अस्तित्ववादी नारीवादको असन्तुष्टि देखिन्छ ।

बुभाका विचारमा नारीलाई स्वतन्त्रतातिर प्रेरित गरिरहेको आधुनिक सभ्यतामा धर्म वस्तुत: धोकाको एक साधन हो (पृ. ३२१) । उनले आधुनिक सभ्यताले नारीको स्वतन्त्रता खोजिरहे पनि धर्मका नाममा विकसित भएका अवधारणाले नारीकै दमन गरेकाले यसलाई धोकाको साधन बताएकी छन् । धर्म र संस्कृतिका नाममा नारीलाई बन्धनमा पार्ने सोच र परम्पराको विकास गर्ने पितृसत्तात्मक व्यवस्थामाथि धावा बोल्दै अस्तित्ववादी नारीवादले विभेदपूर्ण र दमनात्मक धार्मिक सांस्कृतिक मूल्यमान्यताप्रति प्रश्न उठाउँछ । बुभाले नारी चाहे वैरागी होस् वा संसारी, अभिमानी होस् वा विनम्र, ऊ सोच्दछे कि उसले आफ्नो मोक्षका लागि आफूमै लीन रहनु पर्दछ (पृ. ३२२) भन्ने विचार प्रस्तुत गरेकी छन् । यसले नारीहरूले धर्मका माध्यमबाट नभएर आफैँमा लीन भएर मोक्ष प्राप्त गर्ने उनको अभिप्राय छ ।

अस्तित्ववादी नारीवादले नारीको अस्तित्वको खोजीका लागि पितृसत्ताले गर्ने विभेद र दमनको विरोध गर्दै नारीको स्वतन्त्र निर्णय, अधिकार तथा पहिचानप्रतिको सचेतनामा जोड दिएको छ । यस्तै बुभाले नारीलाई पुरुषसमान अधिकार, व्यक्तिगत निर्णयको स्वतन्त्रता, धार्मिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका विभेदको अन्त्य, नारीसमलिङ्गी अधिकार तथा वैयक्तिक निर्णयप्रतिको अधिकार एवम् नारीको सक्षमताको वकालत गरेकी छन् । यसप्रकार कुनै पनि कृतिमा प्रस्तुत अस्तित्ववादी नारीवादी प्रवृत्तिका निरूपणका लागि कृतिको विश्लेषण गर्दा नारीको स्वतन्त्र पहिचानप्रतिको चेतना, वैयक्तिक अधिकारप्रतिको चेतना, पितृसत्तात्मक दमन र महिलाहिंसाप्रतिको चेतना, समलैङ्गिक अधिकार र स्वतन्त्र निर्णयप्रतिको चेतना तथा धार्मिक, सामाजिक एवम् सांस्कृतिक विभेदप्रतिको चेतनाजस्ता अस्तित्ववादी नारीवादी अवधारणालाई आधारमा मान्न सकिने देखिन्छ ।

**उसको लोग्ने र बिरालो उपन्यासमा अस्तित्ववादी नारीवादी प्रवृत्तिको विश्लेषण**

उसको लोग्ने र बिरालो उपन्यासमा मुखरित अस्तित्ववादी नारीवादी प्रवृत्तिको निरूपणका लागि सिमोन द बुभाले अघिसारेका मान्यताका आधारमा विभिन्न उपशीर्षकहरू तय गरी प्रस्तुत उपन्यासको विश्लेषण गरिएको छ । यस क्रममा नारीको पहिचानप्रतिको चेतना, वैयक्तिक अधिकारप्रतिको चेतना, पितृसत्तात्मक दमन र महिलाहिंसाप्रतिको चेतना, समलैङ्गिक अधिकार र स्वतन्त्र निर्णयप्रतिको चेतना तथा धार्मिक, सामाजिक एवम् सांस्कृतिक विभेदप्रतिको चेतनालाई उपशीर्षक बनाइ प्रसाईको प्रस्तुत उपन्यासमा अभिव्यक्त अस्तित्ववादी नारीवादी चेतनाको निरूपण यसप्रकार गरिएको छ :

**(क) नारीको पहिचानप्रतिको चेतना**

इन्दिरा प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासमा पुरुषसरह नारीको आफ्नै पहिचान वा अस्तित्व हुने भएकाले नारीलाई केवल पुरुषका पुरक, सहयोगी वा अन्याका रूपमा मात्र हेर्न नहुने विचार प्रस्तुत गरिएको छ । यस उपन्यास लेख्नुको तात्पर्य र उपन्यासमा अभिव्यक्त वैचारिक पक्षकै विषयमा लेखक स्वयम्ले भूमिकामा राखेको धारणाले नारीपहिचानप्रतिको सचेतनालाई प्रस्तुत गर्ने ध्येयलाई प्रस्ट पारेको छ । उपन्यासकार भन्छिन् : "नारीपुरुष एकअर्काका आवश्यकता हुन्, यी दुवैको समागमले नै मानवको अस्तित्व अक्षुण्ण रहन सक्छ । ... दुवैले एकाअर्काको सम्मान गर्न सक्नुपर्छ । ... दुवैले एकअर्काको कदर गर्नुपर्छ । ...म सहअस्तित्व र समानताप्रति आस्थावान् छु" (प्रसाई, २०६०, पृ.१३) । उपन्यासकारको यस कथनमा नारी र पुरुषको समान सहभागिता र समान अस्तित्वलाई जोड दिइएको छ । एकले अर्काको अस्तित्व र पहिचान मेटाउने नक्कली चाल चाल्न नहुने चेतावनीका साथ दुवैले दुवैको कदर गर्नुपर्ने भावलाई यसमा प्रस्तुत गरिएको छ । यही भावबाट अभिप्रेरित भएर उसको लोग्ने र बिरालो उपन्यास लेखिएको उनको कथन छ । यसर्थ नारी र पुरुषको सहअस्तित्व, समानता र समान पहिचानको ध्येयले लेखिएको यस उपन्यासका नारीपहिचानप्रतिको सचेतना मुखरित हुन पुगेको छ ।

उसको लोग्ने र बिरालो उपन्यासका विभिन्न साक्ष्यहरूले नारीको पहिचानको खोजीलाई जोड दिएका छन् । यस उपन्यासमा पितृसत्ताले पुरुषकै पहिचान र अस्तित्वलाई मात्र केन्द्रमा राख्ने परिपाटीको विरोध गर्दै समान पहिचानको माग समाख्यातामार्फत यसरी गरिएको छ :

> सातओटी सौता खेपेर पनि पातिव्रत्य धर्ममा अडिग उसकी हजुरआमा र दुई जोईको साझे पोई पाएर पनि पतिपरायणा उसकी आमाको संस्कार ओढेकी नीलाले उसका आँखा छलेर रन्डीबाजी मात्रै गर्ने लोग्नेलाई पनि स्वीकार गर्न सकिन । कालान्तरमा आफ्नो इज्जत र प्रतिष्ठाका रूपमा नीलाको अस्तित्वलाई आफ्नो पूजाकोठामा राख्न खोज्ने दर्पणको संसार नीलाले नै भताभुङ्ग पारिदिई । एउटा झुट र आडम्बरपूर्ण लोग्नेस्वास्नीको सम्बन्धलाई उसले स्वीकार गर्नै सकिन । (पृ. २८)

आमा र हजुरआमाले खेपेको पितृसत्तात्मक दमनको चरम पीडाबाट नीलामा सहनशीलताका विरुद्ध विद्रोही भाव पैदा भएको सन्दर्भलाई यस कथनले प्रस्ट पारेको छ । यस

मा पातिव्रात्य धर्मका नाममा बहुविवाहको चरम उत्पीडनलाई सहने नारीहरूको प्रवृत्तिलाई त्यागेर सौता घरमै नल्याए पनि रण्डीबाजीमा लागेको लोग्नेलाई अस्वीकार गर्नुले नारीको स्वतन्त्र पहिचानको खोजीतर्फको यात्रा र विद्रोहलाई द्योतन गरेको छ । नारीको अस्तित्वलाई पूजाकोठामा राख्न खोज्ने पुरुषसँगको सहयात्रालाई तोडेर स्वतन्त्र जीवनको यात्रा तय गर्ने नीला नारीपहिचानको मार्गदर्शक हो । झुटो र आडम्बरपूर्ण सम्बन्धलाई त्यागेर लोग्नेस्वास्नीको नाता तोड्ने नीलाको निर्णय नारीपहिचानको खोजीको निर्णय हो ।

प्रसाईको प्रस्तुत उपन्यासमा नारीको पहिचानप्रतिको सचेतनालाई नीलाकी छोरी स्मृतिका तर्कमार्फत पनि प्रस्तुत गरिएको छ । ऊ भन्छे : "माम्मा ! तिमीले मलाई नचिनाएको भए ऊ मेरो बाबु हो भन्ने कुरो पनि मलाई थाहा हुने थिएन । मेरो बाबु त जो पनि हुन सक्थ्यो तर मेरी आमा तिमी मात्रै हुन सक्छ्यौ । मैले त बिर्सी पनि सकेँ, कोही मेरो बाबु थियो । टेस्टट्युब बेबीको रूपमा आफूलाई सम्झे भइहाल्छ नि !" (पृ. ३५) । जसरी नारीको पहिचानलाई पुरुषको पहिचानका अगिल्तिर छायामा पारिन्छ त्यसरी नै आमाले नचिनाउने हो भने पिताको पहिचान पनि सङ्कटमा पर्ने तथ्यलाई स्मृतिको यस कथनले प्रस्ट पारेको छ । उसले आफ्नो बाबु यही हो भनेर आफैँ चिन्न कहिल्यै नसक्ने तर आमाले नै चिनाइदिएको सन्दर्भलाई यहाँ प्रस्तुत गरेकी छ । सन्तानलाई नौ महिना कोखमा राखेर जन्मदिने आमालाई भने कसैले चिनाइरहन नपर्ने तथ्यलाई प्रस्तुत गर्दै उसले आमाका रूपमा नारीको पहिचान घामझैँ छर्लङ्ग रहेको तर पिताको पहिचान आमामार्फत मात्र खुल्ने कुरालाई प्रस्ट पारेकी छ । यसले नारीपहिचानको बोध र त्यसप्रतिको चेतनालाई द्योतन गरेको छ ।

यस उपन्यासमा स्मृतिको "तिमी किन ट्रडिसनल थोत्री आइमाई हुन्छयौ जहिले पनि ? त्यसैले दु:ख पनि पाउँछयौ । मान्छे बन मान्छे । म्यान म्यान नट उमन, उमन मात्रै कहिल्यै हुनुहुँदैन" (पृ. ३५) भन्ने कथनले नारी र पुरुषको विभेदबाट उठेर सर्वप्रथम सबैले मान्छे बन्ने कोसिस गर्नुपर्ने तथ्यलाई जोड दिएको छ । यसले नारी र पुरुषको पहिचान मान्छेका नामले चिनिनुपर्ने र लैङ्गिक विभेदको साँघुरो घेराबाट एक्काइसौँ शताब्दीकी नारीले पनि बाहिर निस्किनु जरुरी भएको सन्दर्भलाई समेत प्रस्तुत गरेको छ । यसर्थ यस उपन्यासमा नारीको आफ्नै पहिचानका साथसाथै मानवका रूपमा परिभाषित गरिनुपर्ने तथ्यको उद्घाटनमार्फत नारीपहिचानप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ ।

### (ख) वैयक्तिक अधिकार र स्वतन्त्र निर्णयप्रतिको चेतना

प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासमा नारीको वैयक्तिक अधिकार र निर्णयप्रतिको स्वतन्त्रताको वकालत गरिएको छ । यस उपन्यासमा मान्छेका अनेक कुकृत्यबाट आजित भएकी प्रमुख नारीपात्र नीलाले मान्छेको सङ्गतै गर्न नखोज्नु र स्वतन्त्र हुन खोज्नु उसको वैयक्तिक निर्णय हो । "मानिसको खल्लो स्वादले आजित भएकी ऊ अब मानिससँग ननजिकिने निर्णयमा पनि पुगेकी छ" (पृ. २३) भन्ने समाख्याताको कथनले सोही कुरालाई प्रस्ट पारेको छ । मानिसका खल्ला स्वादले प्रतीकात्मक रूपमा मानिसकै खराब चरित्रलाई र उसलाई मन नपर्ने तिनका व्यवहारलाई सङ्केत गरेको छ । आफूलाई नमिठा लाग्ने, नराम्रा लाग्ने व्यवहारका विरुद्धमा नारीस्वतन्त्रताको खोजी गर्ने वैयक्तिक निर्णयलाई यस कथनले प्रस्ट पारेको छ ।

नारीले चाहेअनुसारको जीवन बिताउन पाउने र त्यसमा कसैले हस्तक्षेप गर्न नहुने सन्दर्भलाई अस्तित्ववादी नारीवादले समर्थन गर्दछ । प्रसाईको यस उपन्यासमा पनि नीलाको आर्थिक स्तर उच्च हुँदाहुँदै उसले एककोठे घर किन्ने निर्णय गरेकी छ । "आफूले चाहेअनुसारको घरमा ऊ आजैदेखि मालिक्नी भएको गर्वसमेत समेटेर बसिरहेकी छ" (पृ. २४) भन्ने समाख्याताको कथनले आफूले किनेको आफ्नै नामको घरमा बढो गर्वका साथ बसेको सन्दर्भलाई प्रस्ट पारेको छ । यसले शिक्षा, रोजगार, विवाह, गर्भपतन आदि विषयमा मात्र होइन आफूलाई मनपर्ने घर किनेर बस्न पनि नारीहरू स्वतन्त्र रहेको र उसको स्वतन्त्र निर्णयले आनन्दसमेत दिएको सन्दर्भलाई प्रस्तुत गरेको छ । आफ्नो व्यक्तिगत निर्णयमा रमाएर घरकी मालिक्नीको अनुभूतिमा रमेकी नीलाका माध्यमबाट यस उपन्यासमा नारीको वैयक्तिक अधिकार र स्वतन्त्र निर्णयप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ ।

**(ग) पितृसत्तात्मक दमन र महिलाहिंसाप्रतिको चेतना**

प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासमा पितृसत्ताले नारीमाथि गर्ने दमन र पितृसत्तात्मक समाजमा महिलाले सहनुपरेका शारीरिक एवम् मानसिक हिंसाप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा वैवाहिक जीवनबाट असन्तुष्ट भएर भनौँ वा लोग्नेको परस्त्रीसँग लाग्ने प्रवृत्तिलाई सहन नसकेर सम्बन्धविच्छेद गरेकी नीलाले आफ्नो खुसीका लागि पितृसत्तात्मक समाजलाई दिएको चुनौतीलाई प्रस्तुत गरिएको छ । उसले स्वविवेकले आभाषलाई प्रेमीका रूपमा चयन मात्र गरेकी छैन, यौनप्यास मेटिने गरी शारीरिक सम्बन्ध राखेर सन्तुष्ट बनेको सन्दर्भलाई उपन्यासमा यसरी वर्णन गरिएको छ :

त्यस रात आभास पनि सन्तुष्ट भएरै आफ्नो घर फर्केको थियो । त्यसै गरी नीलाले पनि पुरुषबाट प्राप्त गर्न सकिने आनन्द यति धेरै हुन सक्छ र त्यस आनन्दले जीवनको गतिहीनतामा थप उर्जासमेत प्रदान गर्छ भन्ने कुरा पच्चीस वर्षे पुरुष समागमको इतिहासमा पहिलोपल्ट महसुस गरेकी थिई । (पृ. ४५)

सर्वदर्शी समाख्याताले वर्णन गरेको यस घटनामा नीलाको मानसिक स्थिति, अनुभूति एवम् संवेदनालाई प्रस्ट रूपमा चित्रण गरिएको छ । यसले पच्चिस वर्षसम्म लोग्नेसँग सन्तुष्ट बन्न नसकेकी नारीले पनि आफ्नो इच्छाबमोजिम यौनसम्बन्ध राखेर पूर्ण सन्तुष्ट बनेको घटनाद्वारा पितृसत्तात्मक दमनप्रतिको विद्रोह र नारीको स्वतन्त्र निर्णयलाई प्रस्ट पारेको छ ।

पितृसत्तात्मक समाजमा पुरुषलाई जति पनि परस्त्रीसँग सम्बन्ध राख्ने छुट भएको र त्यसका कारणले उसको इज्जतप्रतिष्ठामाथि कुनै आँच नआउने प्रचलनको पनि यस उपन्यासले विरोध गरेको छ । पितृसत्तात्मक समाजमा पुरुषको हालीमुहालीको दृष्टान्तलाई समाख्याताको यस कथनले प्रस्ट पारेको छ :

> दर्पणले नीलाका आँखा छल्नासाथ नीलाकै साथीहरू, नातेदार दिदीबहिनीहरू र घरमा काम गर्न राखिएका जातकुजातका नोकर्नीहरूलाई समेत ओछ्यानमा सुताएका चित्रहरू नीलाका आँखामा सजीव भएर नाच्ने गर्थे । त्यसैले कामपिपासु भएर आफूलाई ललाउनफकाउन आउने पुरुषहरूसँग नीला पग्लिनुको साटो घृणा र आक्रोशले तमतमाउने गर्थी । (पृ. ४५)

आफ्नी श्रीमतीको आँखा छलेर अन्य युवतीसँग यौनप्यास मेटाउन व्यस्त रहने कामपिपासु पुरुषका रूपमा दर्पण देखापरेको छ । नीलालाई आफ्नो लोग्नेको विगतका हर्कतले अन्य पुरुषको सामीप्यतामा पनि घृणा र आक्रोशको ज्वाला उठ्नुले पुरुषको नारीमाथिको यौनहिंसाप्रतिको विद्रोही रूपलाई प्रस्ट पारेको छ । यसर्थ यस कथनले पितृसत्ताले पुरुषलाई दिएको छुट र त्यसबाट पतिव्रता नारीमाथि परेको दीर्घकालीन मानसिक असरलाई द्योतन गरेको छ ।

पुरुषले नारीको मनोभावनाको विचार नगर्ने तर नारीबाट भने हरेक कुराको समर्थन र त्यागको अपेक्षा गर्ने पितृसत्तात्मक समाजमा नारीको बलिदानकै पनि कदर हुने गरेको देखिँदैन । विवाहपछि श्रीमान्का खुसीका लागि नारीले जस्तोसुकै त्याग र बलिदान गर्न पनि पछि नहट्ने सन्दर्भलाई समाख्याताको "एक त बिरालो, त्यसमा पनि यस्तो कलिलो छाउरो आफ्नै काखमा आफूले राख्नुपर्दा नीलालाई सिकसिको लागेजस्तो भएर जिरिङ्ग पनि भएको थियो । "आभासको खुसीका लागि बोकिदिन्छु" । नीलाले मनमनमा यस्तै सोचेकी थिई" (पृ. ६८) भन्ने कथनमार्फत प्रस्तुत गरिएको छ । आफूलाई मननपर्ने भएर पनि आभासको खुसीका लागि नीलाले बिरालो बोकिदिएको सन्दर्भलाई यस कथनमा प्रस्तुत गरिएको छ । यतिमात्र होइन, नीलाको काखमा बिरालाले मलमुत्र त्याग गरिदिएपछिको नीलाको सिकसिको र आभाससँगको अपेक्षालाई यसरी प्रस्तुत गरिएको छ :

नीला, कठै तिमीलाई बिरालाको गुहुमुतमा लपेसिनुपर्दा कति सिकसिको लाग्या होला ? आभासले आफ्नो अँगालोमा उसलाई बाँधेर यसो भनिदिए हुन्थ्यो भन्ने अपेक्षामा नीला थिई । तर मोटर रोकिनेबित्तिकै पेरुङ्गोबाट बिरालो झिकेर सुमसुम्याइरहेको आभासले नीलातिर हेर्दा पनि हेरेन । (पृ. ७३)

नीलाले आफ्नो श्रीमान्का लागि सहेको सिकसिकोको कुनै मूल्य नभएको बोध यसमा गरेकी छ । यसमा नीलाले आभासले आफूलाई बिरालाका कारणले परेको असरका बारे सोधिदिए हुन्थ्यो, दयाभाव राखिदिए हुन्थ्यो वा सहानुभूति जनाइदिए हुन्थ्यो भन्ने अपेक्षा पूरा नभएको बरु उल्टै आफूलाई बेवास्ता गरेर बिरालोलाई नै सुमसुम्याइरहको र फर्केर एकनजर पनि नहेरेको सन्दर्भमार्फत पुरुषको नारीप्रति भन्दा मानवेतर प्राणीप्रतिको ध्यान र प्रेम बढी भएको तथ्यलाई प्रस्ट पारिएको छ । यसले पुरुषका लागि नारीको मूल्य बिरालाको जति पनि नहुने तर पुरुषको खुसीका लागि नारीले जस्तोसुकै त्याग गर्न पछि नपर्ने सन्दर्भलाई द्योतन गरेको छ ।

यौनचाहनाका विषयमा खुलेर कुरा गर्नु नारीको छाडापन र वेश्यावृत्तिको उपमा गुथाउने पितृसत्तात्मक समाजमा नारीहरू यस विषयमा मौन रहने परिपाटीको विकास भएको छ । यस उपन्यासमा यसैको दृष्टान्तका रूपमा नीलाको अवस्थालाई समाख्यातामार्फत "अप्राप्तिजन्य पीडाको मर्मले छटपटिएकी नीलाले आभासलाई नजाऊ भनेर रोक्न पनि सकिन र ऊ गएको सत्यलाई हार्दिकतापूर्वक स्वीकार गर्न पनि सकिन । आफ्नै शरीरको जलन र मनको आगाको रापमा नीला छटपटिइरही मात्रै" (पृ. ९६) भन्ने कथनमार्फत देखाइएको छ । नीलाको अवस्थालाई कारुणिक रूपमा प्रस्तुत गरिएको समाख्याताको यस कथनमा नारीको यौनप्यासलाई ध्यान नदिने पुरुषका कारण नारीले भोग्नुपरेको बेचैनी र जलनलाई प्रस्ट पारिएको छ । यसमा नीलाको शारीरिक आवश्यकतालाई पूरा नगरी बिरालाको सेवासुश्रुषामा जुट्ने आभाससँग उसले कुनै गुनासो गर्न नसक्नु र पुन: सम्बन्धका लागि आग्रह गर्न नसक्नु पितृसत्तात्मक समाजकै प्रभाव हो । उसले मनभरि रहरहरू सँगालेर पनि निर्धक्कसँग पुरुषले झैँ यौनसम्बन्धका लागि प्रस्ताव राख्नु परैको कुरा, अपुरा इच्छाका बारेमा असन्तुष्टि व्यक्त गर्न पनि नसक्नु पितृसत्तात्मक समाजमा यौनका बारेमा कुरा गर्न नारीमाथि गरिएको बन्देजको उपमा हो ।

यस उपन्यासमा श्रीमान्सँगको अनेक गुनासालाई सहने धैर्य टुटेपछि नीलाले चालेको साहसिक कदम पितृसत्तात्मक दमन र महिलाहिंसाका विरुद्धमा छ । उसले नारीलाई आफ्नै हिसाबले बाँच्ने छुट भएको र हरेक उत्पीडनलाई सहेर श्रीमान्श्रीमती सँगै बाँच्नुपर्छ भन्ने नभएको तर्क प्रस्तुत गरेकी छ । नीला भन्छे : "हामी दुवैको आआफ्नो जीवन आआफना लागि उत्तिकै महत्त्वपूर्ण छ । तिमीसँग बिहे गर्नुको भूल सच्याएर अब म तिमीसँग छुट्टिएर बाँच्न चाहन्छु । आभास मलाई लाग्छ हामी दुवैको वैवाहिक जीवनबाट हामी दुवैले एकअर्कालाई मुक्त गर्नुमै हामी दुवैको कल्याण छ" (पृ. ११०) । यस कथनमा नीलाले नारी र पुरुषको अस्तित्व समान रहेको र जीवनको महत्त्व पनि उत्तिकै रहेको सन्दर्भलाई प्रस्तुत गरेकी छ । यसमा आभाससँग बिहे गर्नु नै भूल भएको उसको धारणा छ । यस्तै जीवनका अनेक गुनासाहरूलाई सहेर आरोपप्रत्यारोपमा दुःखी जीवन बिताउनुभन्दा दुवै स्वतन्त्र भएर जिउनु उचित हुने उसको निर्णय छ । यसरी एकपटक गाँसिएको सम्बन्धमा सन्तुष्ट नभएर पुनः आभाससँग विवाह गरेकी नीलाले दोस्रोपटकको वैवाहिक सम्बन्ध पनि विच्छेद गर्ने निर्णय गर्नु नारीको स्वतन्त्रताको खोजी र पितृसत्तात्मक सोचको विरोध हो । यसरी यस उपन्यासमा पितृसत्ताका नाममा नारीमाथि गरिने दमन, विभेद र यौन तथा महिलाहिंसाको विरोध गरी नारीको स्वतन्त्र निर्णय र अस्तित्वप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ ।

**(घ) नारीसमलैङ्गिक अधिकारप्रतिको चेतना**

अस्तित्ववादी नारीवादले विषमलिङ्गी व्यवस्थालाई पितृसत्तात्मक समाजको उपज मान्दछ । यसले नारी र नारीबिचको वैवाहिक सम्बन्धमा नारीको स्वतन्त्रताको वकालत गर्दछ । प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासमा पनि समलिङ्गी विवाहप्रति रुचि लिने र पुरुषसँगको वैवाहिक सम्बन्धको कल्पना पनि नगर्ने नारीपात्रको उपस्थिति गराइएको छ । यस उपन्यासमा नीलाकी छोरी स्मृतिले समलिङ्गी विवाहबाट नारीउत्पीडन र विभेद कम हुने तर्क प्रस्तुत गरेकी छ ।

यस उपन्यासमा वैवाहिक सम्बन्धका कारण आफ्नी आमाले भोगेका पीडाहरू सुन्दासुन्दा दिक्क भएकी स्मृतिले आमा नीलालाई सल्लाह दिने क्रममा भनेको कुरालाई समाख्यातामार्फत यसरी प्रस्तुत गरिएको छ : "पन्ध्र दिनअघि मात्रै स्मृतिले उससँग प्रश्न गरेकी थिई । मम्मी ! मान्छेहरू बिहा नगरी किन बस्न सक्तैनन् ? बिहे गरेपछि पनि सुखी त हुँदैनन् । फेरि किन ? अब त होमो आइसक्यो । म त लोग्नेमानिससँग बिहे गर्दै गर्दिनँ" (पृ. ३४) । स्मृतिले यस कथनमा बिहेपछि पनि सुखी

नहुने जान्दाजान्दै पनि मानिसहरू बिहे नगरी किन बस्दैनन् भनी प्रश्न उठाएकी छ । उसले होमो अर्थात् समलिङ्गी विवाहको प्रचलन आइसकेको सन्दर्भलाई सम्झाउँदै आफू विषमलिङ्गी बिहे नगर्ने निर्णय पनि आमालाई सुनाएकी छ । अस्तित्ववादी नारीवादीले भनेझैँ यसमा नारीले चाहेमा नारीसँगै वैवाहिक सम्बन्ध जोडेर जिउन नारीहरू स्वतन्त्र रहेको तथ्यलाई समर्थन गरिएको छ ।

प्रसाईको यस उपन्यासमा नीलाले छोरीलाई कुनै केटासँग प्रेम भएनभएको प्रश्न गर्दा स्मृतिले दिएको जवाफले समलिङ्गी सम्बन्धकै समर्थन गरेको छ । ऊ भन्छे : "मम्मु, तिमी कस्तो चाइल्डिस कुरा गछ्र्यौ । प्रेमस्रेम वाहियात, म त्यस्तो गर्दिनँ के ! आफ्नो क्यारियर बनाउनुपर्छ क्यारियर । देन इफ आइ विल म्यारी, आइ विल म्यारी विथ ओन्ली गर्ल नेभर ब्वाइ" (पृ. ३६) । उसको यस कथनले नारी र पुरुषबिचको प्रेमका बारेमा सोच्नु पनि चाइल्डिस सोच भएको कुरालाई प्रस्ट पारेको छ । यसले आधुनिक जमानामा पितृसत्तात्मक सोचलाई समर्थन गरेर विषमलिङ्गी वैवाहिक सम्बन्धको मात्र कुरा गर्नु तर्कहीन र रुढिवादी सोच भएको तथ्यलाई द्योतन गरेको छ । यसका साथै उसले नारीसँग नै प्रेम गर्ने वा केटीसँग नै विवाह गर्ने निर्णय पनि सुनाएकी छ । यसर्थ प्रस्तुत उपन्यासमा नारी र नारीबिचको समलिङ्गी प्रेमसम्बन्ध तथा वैवाहिक सम्बन्धको वकालत गरी आधुनिक नारीहरूले नारीअस्तित्वको रक्षाका लागि यस किसिमको सम्बन्धलाई उत्तम विकल्पका रूपमा लिने गरेको तथ्यलाई समेत प्रस्तुत गरिएको छ । यसले समलैङ्गिक सम्बन्धप्रतिको नारीचेतना र वैवाहिक सम्बन्धमा पितृसत्ताले स्थापना गरेको अवधारणाप्रतिको वितृष्णालाई प्रस्ट पारेको छ ।

**(ङ) सामाजिक, सांस्कृतिक एवम् धार्मिक विभेदप्रतिको चेतना**

समाज, संस्कृति र धर्मले निर्माण गरेको लैङ्गिक विभेद र दमनको विरोध गरी नारीअस्तित्वको खोजी गर्नु अस्तित्ववादी नारीवादको अर्को महत्त्वपूर्ण विशेषता हो । पितृसत्तात्मक समाज व्यवस्थाले निर्माण गरेको संस्कृति र धर्मले पुरुषकै वर्चस्व र मूल्यको समर्थन गरी नारीविभेद र दमनका अनेक आख्यानको निर्माण गरेको हुन्छ । तिनै परम्परागत सोच र नारीअस्तित्वको सङ्कटमा भूमिका खेल्ने सामाजिक मूल्य, मान्यता एवम् धार्मिक अन्धविश्वासको अस्तित्ववादी नारीवादले विरोध गर्दछ । प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासमा पनि नारीमाथि गरिने सामाजिक, सांस्कृतिक एवम् धार्मिक विभेदको विरोध गरिएको छ ।

दुईपटक विवाह गरेर पनि श्रीमान्ले आफ्नो अस्तित्वलाई दमन गरेको र नारीमूल्यको अवहेलना गरेको महसुस गर्ने आमा नीलाको वैवाहिक सम्बन्ध देखेर दिक्क बनेकी स्मृतिको मनमा पितृसत्ताले निर्माण गरेको विवाहपद्धतिसम्बन्धीको सामाजिक प्रचलन वा संस्कारप्रति वितृष्णा जागेको छ । स्मृतिले पितृसत्ताले मानेझैँ विषमलिङ्गी वैवाहिक परम्परालाई त्यागेर समलिङ्गी विवाहको निर्णय लिनु सामाजिक, सांस्कृतिक एवम् धार्मिक प्रचलन र सोचप्रतिकै चुनौती हो । ऊ भन्छे : "ओहो मम्मी ! फेरि तिम्रो कुरा आफ्नै ट्र्याकमा पुग्यो । केको व्याइफ्रेन्ड ? के तिमी केटाबाहेक केही सोच्न सक्तिनौ । वट आइ डोन्ट लाइक दिज डर्टी ब्वाइज । आई ह्याभ सो मेनी गर्ल फ्रेन्ड एन्ड आई इन्जोइ विथ देम । मामु !" (पृ. ३६) । स्मृतिको यस कथनले नारीको पुरुष नै प्रेमी हुन्छ भन्ने परम्परागत मान्यतालाई तोड्दै नारीको नारी नै प्रेमिका हुन सक्ने तथ्यलाई प्रस्ट पारेको छ । यस्तै नारी र पुरुषबिचको प्रेम र वैवाहिक सम्बन्धलाई वैधानिक ठहऱ्याएर त्यसै अनुरूपको सामाजिक व्यवस्था, सांस्कृतिक एवम् धार्मिक विश्वास निर्माण गर्ने पितृसत्तात्मक व्यवस्थाप्रतिको विद्रोही भाव यसमा प्रस्तुत भएको छ । उसले पुरुषसँगको सम्बन्धलाई घिनलाग्दो मान्नु र नारीसँगको प्रेममा धेरै रमाइलो महसुस गरेको बताउनुका साथै नारीसँगकै विवाहको कल्पना गर्नुले पनि सो कुराको पुष्टि गरेको छ । यसर्थ यस उपन्यासमा पितृसत्तानिर्मित सामाजिक, सांस्कृतिक एवम् धार्मिक विभेदप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

नारीवादका विभिन्न धार एवम् प्रकारमध्ये एक महत्त्वपूर्ण प्रवृत्तिका रूपमा विकसित अस्तित्ववादी नारीवादले नारीअस्तित्व र पहिचानको वकालत गर्दछ । यसको प्रारम्भ र विकासमा सिमोन द बुभा र उनको सेकेन्ड सेक्स पुस्तकको

उल्लेखनीय भूमिका रहेको छ । यसमा बुभाले नारीलाई अन्या वा दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गरिने परिपाटीको अन्त्य एवम् पुरुषसमान अधिकार र अस्तित्वको दाबी गरेकी छन् । जैविक हिसाबले नारी भएकै कारणले नारीहरू कमजोर ठहरिनु र विभेदको खाडलमा जाकिनु उचित नभएको उनको तर्क छ । प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासमा पितृसत्तात्मक समाजमा नारीलाई मानवेतर प्राणी बिरालोलाई जति पनि मूल्य नदिने र नारीअस्तित्वलाई सङ्कटमा पु¥याउने पुरुषप्रवृत्तिको विरोध गरिएको छ । वैवाहिक सम्बन्धमा गाँसिएर, सातजुनी सँगै बिताउने कसम खाएर, पतिव्रताका रूपमा श्रीमान्को हरहमेसा सेवा गर्ने कर्तव्य नारीको मात्र नभएको नारीचेतनालाई पनि यसमा प्रस्तुत गरिएको छ । नीलाले परस्त्रीगमनमा लागेको पहिलो श्रीमान्लाई त्यागेर आभाससँग बिहे गर्नु र उसले पनि आफ्नो मूल्यलाई बिराला बराबर पनि प्राथमिकतामा नराखेपछि एक्लै जिउने निर्णयले स्वयम् घर किनेर बस्नुले नारीको स्वतन्त्र निर्णय तथा अस्तित्वको खोजीतर्फको चेतनालाई द्योतन गर्दछ । विषमलिङ्गी विवाहले नारीको अस्तित्व सङ्कटमा परेको र वैवाहिक जीवन पनि सुखद नभएको विचार व्यक्त गर्दै नीलाकी छोरी स्मृतिले समलिङ्गी विवाह गर्ने निर्णय लिनुले पनि नारीको पहिचानप्रतिको चेतना तथा नारीलाई नियन्त्रणमा लिन, दमन गर्न, विभेद गर्न पितृसत्तात्मक समाजव्यवस्थाले निर्माण गरेको सामाजिक, सांस्कृतिक एवम् धार्मिक मूल्यप्रतिको विद्रोही चेतनालाई प्रस्ट पारेको छ । यसरी नारीअधिकार, पहिचान र अस्तित्वका लागि नारीले नै चालेका साहसिक कदम एवम् सङ्घर्षलाई प्रस्तुत गरिएको प्रसाईको उसको लोग्ने र बिरालो उपन्यासले नारीलाई मानवेतर प्राणी बराबर इज्जत, सम्मान, स्नेह, महत्त्व नदिने पितृसत्तात्मक प्रवृत्तिको निन्दा गरेको छ । नारी र पुरुषको समानअस्तित्वविना समाज अपूर्ण हुने र विषमलिङ्गी वैवाहिक सम्बन्ध नै सङ्कटमा पर्ने भएकाले मानव सभ्यताको विकास एवम् सृष्टिमा समेत असर पर्ने भावसमेत यस उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी सिमोन द बुभाले भनेझैँ नारीलाई अन्याका रूपमा हेरिने परिपाटीको अन्त्य गरी नारीअस्तित्व र पहिचानमा सचेत नारीपात्रको चेतनालाई प्राथमिकताका साथ प्रस्तुत गरिएको हुनाले यो उपन्यास अस्तित्ववादी नारीवादी प्रवृत्तिको बनेको छ । यसले पितृसत्तात्मक समाजमा नारीपहिचान मानवेतर प्राणीको भन्दा पनि सङ्कटमा पर्दै गएको चेतावनीका साथ सम्पूर्ण नारीलाई आफ्नो अस्तित्वको जगेर्नाका लागि आफैँ सजग बन्नुपर्ने सन्देश कलात्मक रूपमा प्रस्तुत गरी लैङ्गिक समतामूलक समाजनिर्माणमा उल्लेखनीय योगदान पु¥याएको छ ।

(यो लेख विश्वविद्यालय अनुदान आयोगको लघुअनुसन्धान परियोजनाअन्तर्गत गरिएको शोधकार्यमा आधारित रहेको छ ।)

**सन्दर्भसूची**

प्रसाई, इन्दिरा (२०५४). विश्वामित्र. काठमाडौँ : पिलग्रिम्स बुक हाउस ।

—— (२०५८). रनमाया. काठमाडौँ : नइ प्रकाशन ।

—— (२०५९). शिखा. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

—— (२०६०). उसको लोग्ने र बिरालो. काठमाडौँ : नइ प्रकाशन ।

बुभायर, सिमोन द. (साल ?). महिला. अनु. रमेश सुनुवार. काठमाडौँ : प्रगति पुस्तक सदन ।

Appignanesi, Richard (1999). *Feminism*. ed. UK : Icon Books Ltd.

Hooks, Bell (2015). *Feminist Theory From Margin to Center*. New York: Routeledge.

Mackinnon, Catharine A. (1987). *Feminism, Unmodified Discourses on Life and Law.* Cambridge Mars: Hardvard up.

Rohmawati, Yulia (2021). Analyzing Simone De Beauvour Existentialist Feminist Perspective and Its Relevance Towards Indonesian Women's Existence in the Public Sphere of 21th Century. https://www.preprints.org. Seen 9th June 2022.

Yusuf, Faidah (2020). Existentialist Feminism of Woman's Struggle in Cigarette Girl Novel. https://www.researchgate.net. Seen 9th June 2022.